# शंखरापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश नेपाल

शंखरापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँखु, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०४/०१*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) तथा ऐनको दफा ६४ उपदफा १ को खण्ड च मा भएको व्यवस्था बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण ( IEE) बाट निर्धारित परिमाणमा तपसिलमा उल्लेखित क्षेत्र र अंङ्कमा आ.व. २०८३/८४ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुकं व्यक्ति, फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी २२ (औं) दिनको १२:०० बजे भित्र E-bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

### <u>ठेक्का विवरण</u>

| क्र.सं. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.व. ०८३/८४ को लागि निर्धारण गरिएको संकलन/निकासी परिमाण (घ.फि.) | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर वाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | **SMO/O83-84/1** (आन्तरिक आय) | १. सुकेखोला र मनमत्ता खोलाको कार्की गाउँको पुलदेखि खुलालटार पुलसम्म र निर्माण माइनिङ वासिङदेखि मनमत्तासम्म मिसिएर खुलालटार पुलसम्म रहेका दहत्तर वहत्तर (घाटगद्दी समेतका ) वालुवा ।<br>२. गडगडे खोलाको लागि वाखीखोलादेखि मनहराको संगमसम्म रहेका दहत्तर वहत्तर (घाटगद्दी समेतका ) वालुवा ।<br>३. सालीनदीको लागि नारायणेश्वर मन्दिरको दहदेखि मनहराको | ७२,४४,८०५.४३ (बहत्तर लाख चौवालीस हजार आठसय पाँच दशमलव चार तीन मात्र । | ५,०७,१३,६३८.०१ (अक्षरेपी पाँच करोड सात लाख तेह हजार छ सय अठतीस दशमलव सुन्ना एक पैसा मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १२० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संगमसम्म रहेका दहत्तर वहत्तर (घाटगद्दी समेतका ) वालुवा ।<br>४. नियमानुसार दर्ता तथा नवीकरण भएका खानी तथा वासिङ कम्पनीबाट निकासी हुने बालुवा। | | शंखरापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँखु, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३ | |

**बैंकको विवरण**

- धरौटी खाता:- ग्लोवल आइ एम इ बैक लि. साँखु स्थित बैंक खाता नं. ३२६०४०१००००००४
- ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु शंखरापुर नगरपालिकाको वेवसाइट www.shankharapurmun.gov.np र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Download गर्न सक्नुहुनेछ ।

## शर्तहरु

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम समयावधिसम्म कार्यालय समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट download गरी प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र फारामसाथ धरौटी बापत कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको ग्लोवल आइ एम इ बैक लि. साँखु मा रहेको धरौटी खाता नं. ३२६०४०१००००००४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ। साथै फर्म वा कम्पनीको हकमा नवीकरण गरिएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिलाई Scan गरेर PDF Format मा upload गरी २२ (औं) दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ ।

३. प्राप्त हुन आएका बोलपत्रहरु २२ (औं) दिनको ठिक १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । प्रस्ताब खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन दिनको १२ बजेसम्म दाखिला गर्ने तथा सोही दिनको १ बजे बोलपत्र खोल्ने समय कायम हुनेछ ।

५. आ व २०८३।८४ मा सङ्कलन तथा विक्रीका लागि निर्धारण गरिएको ( नदीजन्य / खानीजन्य पद्दार्थ ) को परिमाणबाट यस कार्यालयबाट यस आ व २०८३।०८४ मा अमानतबाट सम्झौताको दिनसम्म निकासी भएको कूल परिमाण घटाइ बाँकी हुन आउने परिमाणको कवोल दररेटका आधारमा ठेक्का अंक कायम गरी सझौता गरिनेछ ।

६. कुल कबोल अंकलाई २ किस्ता कायम गरिने छ । पहिलो किस्ता बापत कुल कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम ( मूल्य अभिवृदि कर समेत ) सम्झौता हुन अगाबै बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत कबोल अंकको ५० प्रतिशत रकम ( मूल्य अभिवृद्धि कर समेत ) २०८३ फागुन मसान्त भित्र बुझाउनु पर्नेछ ।

७. प्रदेश सरकार, बागमतीको चालु आ व ०८३।८४ को आर्थिक ऐनले तोकेको दरको अधिनमा रही शुल्क तथा कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले वुझाउनु पर्नेछ ।

८. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको विवाद पर्न आएमा सो को समाधान गर्न शंखरापुर नगरपालिकाले निर्णय गर्नेछ र कार्यालयको निर्णय अन्तिम हुनेछ ।

९. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम गरेको नपाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१०. आर्थिक वर्ष ०८३।८४ को जेष्ठ मसान्तसम्म नदीजन्य / खानीजन्य पद्दार्थ संकलन गरी सोही आ.व. को असार मसान्त भित्र ठेकेदारले संकलित नदीजन्य / खानीजन्य पद्दार्थ सो क्षेत्रबाट उठाइ सक्नु पर्नेछ ।साथै मानवीय वा प्राकृतिक कारणले तोकिएको परिमाण भन्दा घटी भएको भनी कुनै क्षतिपूर्ति/ छुट दावी गर्न पाइने छैन ।

११. IEE प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र संकलन गर्नुपर्नेछ ।

१२. कुनै पनि कारणले कर संकलनको काम सुचारु नभएको अवस्थामा कुनै किसिमको छुट/मिनाहा दावी गर्न पाईने छैन ।

१३. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१४. ठेकेदारले नगरपालिका, प्रदेश तथा संघीय कानूनको पालना गर्नु पर्नेछ ।यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३